जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना
जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक १३० • २०८१ फागुन १८ गते आईतवार • 2 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# परिक्रमाका यात्रीको स्वागत र परिक्रमा मेलामा सहभागिताका लागि मटिहानी नगर कार्यपालिकाको कार्यालयद्वारा सार्वजनिक बिदा

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १७ फागुन**

मिथिलाको महाकुम्भ भनिने मिथिला माध्यमिकी परिक्रमाका यात्रीको स्वागत र परिक्रमा मेलामा सहभागिताका लागि मटिहानी नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक बिदा दिने भएको छ । नगरमा आइतबारका लागि सार्वजनिक बिदा दिइएको हो ।

मिथिला माध्यमिकी परिक्रमा यस भेगको सांस्कृतिक तथा धार्मिक उत्सव भएको हुँदा आफ्नो ठाउँमा आइपुग्ने यात्री र अतिथिको स्वागतमा सबैको सहभागिता हुन सकोस् भन्ने ध्येयले सार्वजनिक बिदा दिँदै आइएको नगर प्रमुख हरिप्रसाद मण्डलको भनाइ छ । मिथिला माध्यमिकी परिक्रमाको 'डोला' (श्रीराम सीताको प्रतिमा राखिएका डोली) साथ यस यात्राका सहभागी यात्री आइतबार मटिहानी आइपुग्दैछन् । यात्राको चौथो दिन 'डोला' मटिहानी आइपुग्ने मिथिलाको स्थापित परम्परा हो ।



मटिहानी परिक्रमा महोत्तरी प्रवेश गर्ने द्वार पनि हो । मटिहानीसँगै लगातार पाँच रात परिक्रमा यात्रीले जिल्लामा बिताउने छन् । महोत्तरीमा माध्यमिकी परिक्रमा यात्राको चौथो, पाँचौं, छैटौं, सातौं र आठौं दिन क्रमशः मटिहानी, जलेश्वर, मडै (महोत्तरी गाउँपालिका), ध्रुवकुण्ड (बलवा नगरपालिका) र कञ्चनवन (भङ्गाहा नगरपालिका) मा रात्रिबासको परम्परा छ ।

श्रीराम र सीताका प्रतिमा राखिएका 'डोला'साथ यात्री पडावस्थल (पारम्परिक रात्रि विश्रामस्थल) पुगेपछि सो दिन ती ठाउँमा परिक्रमा मेलाको परम्परा रहँदै आएको छ । आफ्नो ठाउँमा मेला र रात्रि विश्रामका दिन जिल्लाका अन्य चार स्थानीय तह जलेश्वर नगरपालिका, महोत्तरी गाउँपालिका, बलवा नगरपालिका र भङ्गाहा नगरपालिका कार्यालयले पनि यसअघिदेखि नै सार्वजनिक बिदा दिँदै आएका छन् । गत बिहीबार धनुषाको मिथिला विहारी-८ कचुरीस्थित मिथिला विहारी मन्दिरबाट श्रीराम र जनकपुरधाम-८ स्थित सुन्दरसदन मठबाट श्री सीताजीका प्रतिमा 'डोला' मा राखेर सुरू भएको यात्रा १५ रात बिताएर १६औं दिन बिहान जनकपुरधामको अन्तरगृह परिक्रमा गरेर सम्पन्न गरिने परम्परा छ । यस यात्रामा महोत्तरीका पाँच, धनुषाका छ र भारतको मधुवनी जिल्लामा चार पडावस्थल (रात्रि विश्रामस्थल) को चलन छ । यात्रामा साधुसन्त र गृहस्थ जीवनका सर्वसाधारणसहित १०औं हजारको सहभागिता छ । यो यात्राको अभिष्ठ मोक्ष कामना र कल्याण रहेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (संस्कृत क्याम्पस) का मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा मुक्ति बताउनुहुन्छ ।

# एक महिलाको शव घरकै पूजाकोठामा गाडिएको अवस्थामा फेला



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १७ फागुन**

धनुषाको लक्ष्मीनिया गाउँपालिका-५, बनिनियाँमा एक महिलाको शव घरकै पूजाकोठामा गाडिएको अवस्थामा फेला परेको छ । शनिबार दिउँसो २० वर्षीया अञ्जली यादवको शव घरभित्रै फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता वरुणकुमार सिंहले पुष्टि गर्नुभएको छ । उहाँका अनुसार स्थानीयले बच्चासहित हरेराम यादवको दम्पती बेपत्ता भएको जानकारी दिएपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो। खोजीका क्रममा पूजाकोठाभित्र गाडिएको अवस्थामा अञ्जलीको शव फेला पारेको हो ।

उहाँले भन्नुभयो, 'गाउँलेले बच्चसहित श्रीमान श्रीमती बेपत्ता भएको खबर गरेपछि हामीले खोजी थाल्यौं। शङ्का लागेर घरभित्र जाँच्दा पूजाकोठामा शव गाडिएको अवस्थामा भेटियो।' अञ्जलीको हत्या श्रीमान् हरिरामले नै गरेको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको प्रवक्ता सिंहको भनाइ छ । उहाँका अनुसार प्रारम्भिक अनुसन्धान अनुसार गत शनिबार अञ्जली र हरिरामबिच झगडा भएको थियो ।

त्यसको भोलिपल्ट हरिरामले श्रीमती घर छाडेर गएको बताउँदै आएका थिए। तर मङ्गलबार उनी घरमा ताल्चा लगाएर १० महिने छोरीसहित बेपत्ता भएका थिए । शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ भने घटनाबारे थप अनुसन्धान जारी रहेको उहाँले बताउनुभयो ।

# जातीय पहिचानका लागि सडक प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १७ फागुन**

धनुषाको लालगढमा माझी समुदायले जातीय पहिचानका लागि सडक प्रदर्शन गरेका छन् । शनिबार लालगढका माझी समुदायले माझी समुदायको महान् चाड कोशी (लदी) पूजाको अवसर पारेर सडक प्रदर्शन गरेका हुन् ।

लालगढ माझी समाजको आयोजनामा गरिएको प्रदर्शनीमा माझी समुदायको मौलिकता झल्कने विविध सांस्कृतिक प्रस्तुति गरिएको थियो। माझी टोलबाट जातीय पहिचान झल्किने परम्परागत पहिरनमा बाजागाजासहित झाँकी प्रदर्शन गरेका थिए । माझी समुदायको संस्कृति र रीतिरवाजलाई उजार गर्न यो कार्यक्रम गरिएको स्थानीय ईश्वर माझीले बताउनुभयो । प्रदर्शनमा नेपाल माझी उत्थान सङ्घका पदाधिकारी तथा माझी समुदायको उल्लेखनीय सहभागिता थियो । सडक प्रदर्शनपछि लालगढ चोकमा माझी जातिको विविध मौलिक झाँकी तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो । कार्यक्रममा मिथिला नगरपालिकाकी उपप्रमुख सुनिता सिंह बुढाथोकीले मुलुक बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय भएकाले यस्तो कार्यक्रमले समाजमा सद्भाव, सहिष्णुता, एकता तथा एकअर्काप्रतिको सम्मानमा वृद्धि गर्ने बताउनुभयो ।




GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
Janakpurdham-12,Kuwa
Sport Week
18th Falgun to 23rd Falgun
Media Partner : Jaleshwor Today National Daily & Online

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय...................

## जीवन जिउने कलाको विकास गर

*संवेग वा भावना सबै व्यक्तिमा देखापर्ने साझा प्राकृतिक गुण हो । सकारात्मक होला वा नकारात्मक तर भावना हरेक व्यक्तिमा पैदा हुन्छ नै । भावनाको सम्बन्ध विचारसँग, विचारको सम्बन्ध कामसँग हुन्छ भने कामको परिणामसँगै पुनः भावनामा नयाँपन देखिन सक्छ । हाम्रा भावना किन पनि महत्वपूर्ण छन् भने भावनाको प्रत्यक्ष प्रभाव हाम्रो सिकाइमा, हामीले आफूलाई र अरूलाई गर्ने व्यवहारमा, हामीले लिने निर्णयमा पर्ने गर्छ । समग्रमा हाम्रो कार्यसम्पादनसमेत भावनाको सही पहिचानमा भर पर्छ । आफूमा देखा परेका भावना तथा अरूको समेत भावना बुझेर व्यवहार गर्नुलाई सरल अर्थमा भावना व्यवस्थापन भन्न सकिन्छ । भावना व्यवस्थापनका अनेकौँ तरिका र रणनीति हुन सक्छन् ।*

*मार्सल रोसेनवर्गका अनुसार कुनै पनि संवाद र विचारविमर्शमा हामीसँग दुई वटा विकल्प हुन्छन् । हामीले आपसी मधुरता बढाउन सक्छौँ कि सम्बन्धलाई नराम्ररी प्रभाव पार्न सक्छौँ । यस्तो संवाद त कक्षाकोठामा शिक्षक र विद्यार्थीको बिचमा वा परिवारमा अभिभावक र सन्तानका बिचमा र सङ्गठनमा व्यवस्थापक र स्टाफका बिचमा पनि त हुन सक्छ ।*

*जब हामी भावनाको बारेमा साक्षर हुन्छौँ या भनौँ राम्रो जानकारी राख्छौँ तब मात्र हामी आफ्ना भावनाप्रति जिम्मेवारी लिन र जवाफदेही रहन सक्ने छौँ । भावनात्मक बुद्धिमत्तासम्बन्धी पुस्तक र अन्य मनोवैज्ञानिकका विचार अनुसार संवेग वा भावना धेरै प्रकारका हुन्छन् । व्यक्तिको जीवनलाई जोगाउने र सिर्जनशील मार्गमा लगाउन भावना व्यवस्थापनलाई संस्थागत तथा व्यक्तिगत रूपमा अङ्गीकार गर्ने वातावरण बनाऔँ । आधुनिकताको नाममा जटिल बन्दै गएको जीवन जिउने कलाको विकास गरौँ ।*

# सर्लाहीको कौडेना गाउँपालिका-६, सक्रौलमा सुरुङ खनेर एकैरात पाँचवटा घरमा चोरी



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १७ फागुन**

सर्लाहीको कौडेना गाउँपालिका-६, सक्रौलमा सुरुङ खनेर एकैरात पाँचवटा घरमा चोरी भएको छ। शुक्रबार राति चोरको समूहले सक्रौल टोलका श्रीभुपनारायण राय, राजदेव राय, तेजा सहनी, गगनदेव साह र सुकदेव रायको घरमा चोरी गरेको हो। पाँचवटा घरमा घरभित्र रहेका गरगहना, नगदलगायतका सरसामग्री चोरी भएको पीडितले बताएका छन् । आफूहरु भित्र सुतिरहेका बेला सुरुङ खनेर चोरी भएको पीडितमध्येका राजदेव रायले बताउनुभयो। कतिपय स्थानीयले अज्ञात व्यक्ति आएर आँखामा नसालु पदार्थ छर्किएर लुटपाट गरेर फरार भएको बताएका छन् ।

चोरको समूहले स्थानीयको घरभित्र रहेका बाकस, कपडा लगायत सरसामग्री खेतमा लगेर फालेको पाइएको छ। यसअघि फागुन १२ गते राति पनि सक्रौल गाउँकै मेघन सहनी, रुचा दास, शङ्कर सहनीलगायतको घरमा चोरी भएको थियो । बारम्बार यसरी सुरुङ खनेर गाउँबस्तीमा चोरी हुन थालेपछि स्थानीय आतङ्कित बनेका छन् । सर्लाहीमा यसअघि माघ २९ गते बसबरिया गाउँपालिकाको धनगढा गाउँको एक घर र चार दिनअघि सदरमुकाम मलङ्गवाको जिविक चोकको एक घरमा पनि दिउँसै ताला फोडेर चोरी भएको थियो ।

जिल्लामा शृङ्खलावद्धरुपमा चोरीका घटना बढ्न थालेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) सरोज राईले सक्रौल गाउँमा एकैरात पाँच घरमा चोरी भएको घटनाका सम्बन्धमा स्थानीय प्रहरी चौकीबाट प्रहरी परिचालन गरी घटनाको मुचुल्का उठाएर थप अनुसन्धान भइरहेको बताउनुभयो ।

# संविधानको समावेशीता सम्बन्धी प्रावधानको उचित प्रयोग भएन

**जलेश्वरटुडे समाचारदाता**
**बारा, १७ फागुन**

बाराको कोहल्वीमा आयोजित नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) मधेश प्रदेशको पाँचौँ साधारण सभामा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संविधानको समावेशीता सम्बन्धी प्रावधानको उचित प्रयोग नभएको बताउनुभएको छ । शनिबार बाराको कोहल्वीमा आयोजित फोनिज मधेश



प्रदेशको पाँचौँ साधारण सभामा सभामुख मण्डलले सो बताउनुभएको हो । उहाँले संविधान बनेपछि पनि देश पुरानै शैलीमा फर्किरहेको जिकिर गर्दै भन्नुभयो, “संविधानको प्रभावकारी कार्यान्वयन हुन नसक्दा पूर्ण समावेशीता सम्भव भएको छैन ।”

सभामुख मण्डलले अधिकारका आन्दोलनमा जनजातिका मुद्दा पर्याप्त रूपमा उठाउन नसकिएको भन्नुहुँदै नेतामा इमानदारिताको अभाव रहेको आरोप समेत लगाउनुभयो। उहाँले भन्नुभयो, “नेतालाई विश्वास गर्यौं, तर उनीहरूले इमानदारिता देखाएनन्, जसका कारण समावेशीता पूर्ण रूपमा लागु हुन सकेन ।” उहाँले संविधानले निर्दिष्ट गरेका मुख्य बुँदालाई उपेक्षा गर्दै कानुन निर्माणमा ध्यान केन्द्रित गरिएकाले संविधानको उचित प्रयोग हुन नसकेको उल्लेख गर्नुभयो। सभामुख मण्डलले समाजमा इमानदार व्यक्ति उपेक्षित भइरहेका र बेइमान प्रतिष्ठित बनिरहेकोप्रति चिन्ता व्यक्त गर्नुभयो। उहाँले पत्रकारिताले जनताको आवाजलाई सशक्त बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

यस्तै मधेश प्रदेशका सांसद मन्जु थापामगरले सत्यतथ्य बाहिर ल्याउन र विषयको उत्थान गर्नमा पत्रकारिताले जोड दिनुपर्ने बताउनुभएको थियो । नेपाल पत्रकार महासङ्घका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछानेले फोनिजलाई अझ सशक्त बनाउन नीतिगत निर्णय लिनु आवश्यक रहेको बताउनुभएको छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**बलवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


### तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: विचार गरेर बोल्नुहोला
मिथुन: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: खानपानमा समस्या आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: पढाईमा ध्यान दिनुपर्ने
मीन: शुभ कार्यको शुरुवात


### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


### आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जेलेन्स्कीमाथि ट्रम्पको हप्कीदप्की, जेलेन्स्कीलाई तेस्रो विश्वयुद्ध निम्त्याउन खोजेको ट्रम्पको आरोप

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ फागुन**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीबीच ह्वाइट हाउसको ओभल अफिसमा कसैले पनि अपेक्षा नगरेको घटना भएको छ।

शान्ति सम्झौताको बारेमा भइरहेको वार्ता अचानक वाकयुद्धमा परिणत भयो । ट्रम्प र जेलेन्स्की एकअर्कासँग बहस गर्दै र एकअर्कालाई दोषारोपण गर्दै गरेको देखियो । परिस्थिति यस्तो बिन्दुमा पुग्यो कि ट्रम्पले जेलेन्स्कीलाई ह्वाइट हाउस छोड्न र सम्झौता तयार भएपछि मात्र वार्तामा आउन भने। यो सम्पूर्ण घटनाका कारण युक्रेन र अमेरिकाबीच खनिज सम्झौता हुन सकेन र युक्रेन अमेरिकाबाट खाली हात फर्कनु पर्यो । यद्यपि सामाजिक सञ्जाल एक्समा उनले ट्रम्पलाई उनको समर्थनको लागि धन्यवाद दिए र भने, 'युक्रेनलाई न्यायपूर्ण र दिगो शान्ति चाहिन्छ।' युक्रेन-अमेरिका वार्ता असफल भएपछि, युक्रेनी राष्ट्रपतिले फक्स न्यूजलाई एक विशेष अन्तर्वार्ता दिए । यसमा उनले विवादको लागि माफी मागेनन् तर उनले यो प्रकरणलाई दुवै पक्षको लागि राम्रो ठानेनन् । यद्यपि जेलेन्स्कीले यदि अमेरिकाले आफ्नो हात फिर्ता लियो भने आफूहरुलाई युक्रेनलाई रूसबाट जोगाउन गाह्रो हुने बताए।

# क्रिप्टोकरेन्सी ठगी मुद्दामा तमन्ना र काजलसँग जवाफ माग

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ फागुन**



पुडुचेरी साइबर क्राइम प्रहरीले तमिलनाडुको कोइम्बटूरबाट क्रिप्टोकरेन्सी ठगी गर्ने गिरोहलाई पक्राउ गरेको छ। यस मुद्दामा अभिनेत्री तमन्ना भाटिया र काजल अग्रवाललाई पनि सोधपुछ गरिने बताइएको छ।

कोइम्बटूरको पुडुचेरी प्रहरीले क्रिप्टोकरेन्सी व्यापारको नाममा देशभर ५० करोड रुपैयाँसम्मको ठगी गर्ने गिरोहका दुई सदस्यलाई पक्राउ गरेको छ। पुडुचेरी साइबर क्राइम प्रहरीले यस मुद्दामा तमन्ना र काजललाई बोलाएर सोधपुछ गर्ने निर्णय गरेको छ । उनीहरू दुवैले कम्पनीको सुरुवात कार्यक्रममा भाग लिएका थिए। यसका लागि दुवै अभिनेत्रीलाई महँगो उपहार पनि दिइएको थियो। प्रहरीले काजल र तमन्नासँग उनीहरूले कम्पनीको कार्यक्रममा भाग लिएका थिए वा उनीहरूको कुनै आर्थिक संलग्नता पनि थियो भनेर जवाफ मागेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । यस विषयमा तमन्ना भाटियाको टोलीले अभिनेत्रीको तर्फबाट एक विज्ञप्ति जारी गरेको छ। जसमा यो केवल अफवाह मात्र भएको भनिएको छ। अभिनेत्रीले यस्ता झूटा समाचारविरुद्ध कारबाही गर्ने बताएकी छिन्। तमन्नाले भनिन्, 'क्रिप्टोकरेन्सीमा मेरो संलग्नताको बारेमा अफवाह फैलाइएको छ । म मिडियालाई त्यस्ता कुनै पनि झूटा, भ्रामक र गलत रिपोर्ट र अफवाहहरू प्रसारण नगर्न अनुरोध गर्न चाहन्छु ।'

# अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च, अन्य विदेशी मुद्राको विनिमय दर कति ?




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ फागुन**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। आजका लागि निर्धारण गरिएको दरअनुसार, अमेरिकी डलरको मूल्य बढेर हालसम्मकै उच्च बिन्दुमा पुगेको छ।

केन्द्रीय बैङ्कका अनुसार आज अमेरिकी डलर एकको खरिददर १३९ रूपैयाँ ७० पैसा र बिक्रीदर १४० रूपैयाँ ३० पैसा कायम भएको छ। आजका लागि युरोपियन युरो एकको खरिददर १४५ रूपैयाँ २४ पैसा र बिक्रीदर १४५ रूपैयाँ ८६ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १७५ रूपैयाँ ८४ पैसा र बिक्रीदर १७६ रूपैयाँ ६० पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५४ रूपैयाँ ७३ पैसा र बिक्रीदर १५५ रूपैयाँ ४० पैसा कायम गरिएको छ। यसैगरी, अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ८२ पैसा र बिक्रीदर ८७ रूपैयाँ २० पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ७८ पैसा र बिक्रीदर ९७ रूपैयाँ १९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रूपैयाँ ६० पैसा र बिक्रीदर १०४ रूपैयाँ ०४ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर नौ रूपैयाँ २९ पैसा र बिक्रीदर नौ रूपैयाँ ३३ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ १९ पैसा र बिक्रीदर १९ रूपैयाँ २७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ २५ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ३३ पैसा र बिक्रीदर ३८ रूपैयाँ ५० पैसा कायम भएको बैङ्कले जनाएको छ। यस्तै, थाई भाट एकको खरिददर चार रूपैयाँ ०९ पैसा र बिक्रीदर चार रूपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३८ रूपैयाँ ०४ पैसा र बिक्रीदर ३८ रूपैयाँ २० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ३१ पैसा र बिक्रीदर ३१ रूपैयाँ ४४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ५७ पैसा र बिक्रीदर नौ रूपैयाँ ६१ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ९८ पैसा र बिक्रीदर १३ रूपैयाँ ०४ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ४७ पैसा र बिक्रीदर १९ रूपैयाँ ५६ पैसा तोकिएको छ।

# नेपालले मलेसियासँग दशरथ रंगशालाको सट्टा जोहोरमा खेल्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १७ फागुन**



एएफसी एसियन कप क्वालिफायर्स २०२७ अन्तर्गत तेस्रो चरणको छनोटको खेलहरू यही मार्च २५ देखि सुरु हुँदैछ। त्यसमा नेपाल समूह एफमा मलेसिया, भियतनाम र लाओससँगै छ। यसअघि सार्वजनिक खेलतालिका अनुसार नेपालले पहिलो खेल घरेलु मैदानमा मलेसियासँग खेल्ने तालिका थियो। मार्च २५ मा नेपालले पहिलो होम म्याच दशरथ रंगशालमा खेल्ने तय भएपनि त्यो खेल नेपालमा नहुने भएको छ।

अब नेपालले पहिलो खेल मलेसियामा गएर खेल्नेछ। समूह एफमा रहेका नेपाल र मलेसियाबीचको खेल मलेसियाको जोहोरस्थित सुल्तान इब्राहिम स्टेडियममा हुनेछ। नेपाली फुटबलको नियमनकारी निकाय अखिल नेपाल फुटबल संघ (एन्फा) ले यस खेलबारे अहिलेसम्म आधिकारिक रुपमा खेल कहाँ हुने भनेर सार्वजनिक गरेको छैन। तर एसियाली फुटबल महासंघ (एएफसी) ले भने नेपाल र मलेसियाको होम म्याच मलेसियामा हुने उल्लेख गरेको छ । एएफसीले आफ्नो आधिकारिक वेवसाइटमा राखेको खेलतालिकामा पनि पहिलो खेल मलेसियाको मैदान जोहोरमा हुने उल्लेख छ । खासमा नेपालले मलेसियासँग पहिले होम म्याच खेल्ने र पछि अवे म्याच खेल्नुपर्ने हो। तर दशरथ रंगशालाले अन्तराष्ट्रिय मान्यता प्राप्त फुटबल खेल खेलाउने स्वीकृति नपाउँदा नेपालले होममा हुने पहिलो खेल बाहिर गएर खेल्नुपर्ने अवस्था आएको हो । एएफसीका प्रतिनिधिले केही समयमा दशरथ रंगशालाको निरिक्षण गरेको थियो। उनीहरूले रंगशालमा अन्तर्राष्ट्रिय खेल खेलाउन लागयक रहेको बताएपनि ट्रेनिङ भेन्युहरू ठिक नभएको बताएको स्रोतले जनाएको छ।



रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल



सोनमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# संविधानले खोजेको महिला नेतृत्व



-नेपालले पनि पहिलेका गल्तीबाट सिकेर सबै तहमा समानुपातिक सहभागिताका लागि महिला प्रतिनिधित्व बढाउनै पर्छ, यसका लागि निर्वाचनमा न्यूनतम र बाध्यकारी व्यवस्थाभन्दा माथि उठेर मापदण्ड बनाउनुपर्छ अनि मात्र गणतान्त्रिक नेपालका राजनैतिक दलहरूले जस पाउन सक्छन्। नेपाल बहुल जाति, लिंग, धर्म र संस्कृति भएको देश भए पनि लामो समयदेखि मुख्य रूपमा एकल लिंगको प्रभुत्वमा रहेको जगजाहेर छ। यिनै विभेदको अन्त्य गर्न जनआन्दोलन भए।

दुईपल्ट संविधान सभाको निर्वाचन र राज्यको पुनर्संरचना भयो र २०७२ मा संविधान जारी भयो। प्रस्तावनामा नै लैंगिक समानता र समावेशीकरणलाई मूल आधार बनाइयो। महिलाको हकलाई मौलिक हकका रूपमा स्थापित गरियो। यसरी नेपालमा धेरै सकारात्मक परिणाम देखिनुका साथै तीनै तहको सरकार र संसद् लैंगिक दृष्टिकोणले समावेशी बनाउने संस्थागत प्रयास भए। सायद यिनै कारणले विश्वको लैंगिक दूरी सूचकमा नेपाल ५८ औं स्थान माथि जान सफल रह्यो। संविधान जारी भएपछि हामीले २०७४ र २०७९ दुईवटा आमनिर्वाचन सम्पन्न गर्‍यौं। तर संविधानले अपनाएको समानता र समावेशीकरणको सिद्धान्त र मूल्य-मान्यताबमोजिम निर्वाचन सम्पन्न हुन सकेनन्। हाम्रो संविधानको धारा ३८.४ मा राज्यको सम्पूर्ण संरचनामा महिलाको समानुपातिक सहभागितालाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। तीन वर्षभित्र कानुन ल्याएर यो मौलिक हकको कार्यान्वयन गर्नुपर्ने दायित्व सरकारको थियो, तर यसले अहिलेसम्म प्राथमिकता पाउन सकेन। निर्वाचन आयोगले यसै वर्ष 'निर्वाचन र महिला : नेपालको प्रयास, उपलब्धि र आगामी कार्यदिशा'का विषयमा छलफल चलाएको थियो। साथै एकीकृत निर्वाचन विधेयक निर्माण गरी गृह मन्त्रालयमा पठाएको छ, जुन विगत २० महिनादेखि अघि बढ्न सकेको छैन। महिलाको प्रतिनिधित्वका विषयमा संविधानले सूचकसहित तोकेरै आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका महिलाको प्रतिनिधित्वको सहभागिता सुनिश्चित गरेको छ। वास्तवमा यसरी तोकेरै संविधानमा लेखिनुको पछि गहिरो चिन्तन र लक्ष्य छ। सुखद कुरा संविधानले राखेका ३ सूचक मापन गर्न हामीसँग २०७८ को राष्ट्रिय जनगणनाको तथ्यांक उपलब्ध छ। यसमा नेपालका सम्पूर्ण ६ लाख ६६ हजार ९ सय ३७ घर-परिवारबाट ८० वटा प्रश्न सोधेर महिलाका आर्थिक, सामाजिक र शैक्षिक अवस्थाबारे प्रमाण संकलन गरिएका छन्। २०७८ को जनगणनाले नेपालमा करिब २ प्रतिशत परिवारले महिलाका नाममा घर र ९.७ प्रतिशतले जग्गा राखेका छन्। समष्टिगत रूपमा २४ प्रतिशत परिवारले मात्र महिलाका नाममा घर वा जग्गा राखेको छ। नेपालका तीन तिहाइ परिवारमा महिलाको आर्थिक स्रोतमा पहुँच छैन। फेरि घरजग्गामा पहुँच हुनेबित्तिकै त्यसमाथि नियन्त्रण भइहाल्छ भन्ने पनि छैन। २०७८ मै नेपालले सम्पन्न गरेको राष्ट्रिय कृषि गणनामा महिला कृषकको संख्या ३२ प्रतिशत मात्र देखियो। जबकि, नेपालमा ७० प्रतिशत महिला कृषक छन्। त्यसो भए कसरी यो संख्या आधाभन्दा कममा झर्न पुग्यो त ? हामीकहाँ हिमाल, पहाडमा ४ आना र तराईमा ८ धुर जग्गामा खेतीपाती गरेकालाई मात्रै कृषक मानिँदो रहेछ। परिवारको नामको जग्गामा खेतीपाती गर्दा महिला कृषक मानिँदैन रहेछन्। त्यस्तै, नेपालमा झन्डै ८४ प्रतिशत महिला अनौपचारिक क्षेत्रमा काम गर्छन्। कमजोर आर्थिक अवस्था र रात-बिहानको घरको जिम्मेवारीसहित नेपाली महिलाको मूलधारको राजनीतिमा सहज पहुँच अत्यन्त कठिन छ। यस्तै विभिन्न कारणवश आर्थिक रूपमा पछाडि पारिएका महिलाको राजनैतिक प्रतिनिधित्व भएमा हाम्रा नीति तथा प्रणालीद्वारा महिलाले पुस्तौंदेखि भोग्दै आएको गरिबी घटाउन सकिन्छ भन्ने परिकल्पना संविधानले गरेको होला।

तर यथार्थ, यस्तो आर्थिक हैसियत र खर्चिलो निर्वाचन प्रणालीका लागि महिलाले सहजै प्रतिनिधित्वको आकांक्षा राख्न सक्तैनन्। २०७८ को राष्ट्रिय जनगणनाअनुसार ११२ छोरा जन्मँदा १०० मात्रै छोरी जन्मन थाले। छोरीलाई घृणा गर्ने भयानक सामाजिक परिस्थिति सातै प्रदेशमा बढेको छ। मानसिक रोग, घरेलु हिंसा, साइबर अपराध, बलात्कार, परम्परागत सामाजिक मूल्य मान्यता र पितृसत्तात्मक सोचले महिला थलिएका छन्। विसं. २०८० मात्रै ७ लाख ७१ हजार ७ सय ३१ जना पुरुषले नेपाल छोडे। यसले अतिरिक्त कामको बोझ पनि महिलाकै काँधमा थपिएको छ। आईआईडीएसले गरेको एक अध्ययनमा दक्षिण एसियामा सबैभन्दा धेरै नेपाली महिलाले घरायसी र स्याहार-सुसारको एवं सरसफाइको काम गर्छन्। पुरुष नेतालाई जस्तै घरको काम अन्यलाई पन्छाएर राजनीति गर्ने लक्जरी महिलामा हुँदैन रहेछ। यसैले संविधानले मूल्य मान्यता परिवर्तन गर्ने नीति तथा कार्यक्रम ल्याउने अवसर पाओस् भनी विशेष व्यवस्थासहित राज्यको सम्पूर्ण सरंचनामा समानुपातिक सहभागिताको हक सुनिश्चित गरिदिएको हो।

मुलुकमा पुरुषको साक्षरता दर ८३ प्रतिशत र महिलाको ६९ प्रतिशतमात्रै रहेको छ। शैक्षिक रूपले पछि पर्दा महिलाले सधैं पछाडि पर्नुपर्ने, कम पारिश्रमिक पाउने काम गर्नुपर्ने, बालविवाह हुने र हिंसा भोग्नुपर्ने अवस्था छ। तर शिक्षाको औपचारिक डिग्री नभएका तर अनुभवबाट खारिएका महिलाले नीति निर्माण गर्ने अवसर पाए यस्ता बेथितिको सम्बोधन गर्न सक्छन् भनेरै संविधानले अनुभवको योग्यतालाई पनि प्रतिनिधित्व गर्ने अमूल्य अवसर प्रदान गरेको हो। वास्तवमा यौनिक तथा लैंगिक अल्पसंख्यक महिला तथा सीमान्तकृत समुदायमा रहेका महिलाका समस्या अथाह छन्, जसले उनीहरूलाई सहजै वडा, पालिका र संसद्मा पुग्न अवरोध पुऱ्याइरहेको छ।

साभार : कान्तिपुर।





मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल




पत्रिका/पेपर

कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


## भावपूर्ण श्रद्धाञ्जलि

जन्म : २००१।०२।१९



स्वर्गारोहण : २०८१।११।०६

### प्रा.डा.स्व.रामवृक्ष साहु

यस आसमान नेपालका भूतपुर्व अध्यक्ष तथा प्रतिभाशाली डाक्टर र उच्च सम्मानित व्यक्तित्व प्रा.डा.रामवृक्ष साहुको निधनको खबरले मर्माहत तुल्याएको छ। साथै १३ औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। मृतक आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

दु:खको यस घडीमा शोकाकुल परिवारलाई ईश्वरले शक्ति प्रदान गरुन् भनी कामना समेत गर्दछौं।

**आसमान नेपाल परिवार**
जनकपुरधाम

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday